**संवत् २०७८ साल असार २४ गते बिहीबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक, सेवा सर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।
२. मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मा बाधा अड्काउ फुकाउने।
३. प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन सम्बन्धी बिद्युतीय प्रणालीलाई स्वीकृति प्रदान गर्ने ।
४. कर्णाली प्रदेश बिपद् ब्यवस्थापन कोषमा रु पाँच करोड जम्मा गर्ने प्रयोजनार्थ आर्थिक मामिला तथा योजना मन्त्रालयबाट रकम निकाशा गर्ने।
५. सार्वजनिक खरिद नियमावली स्वीकृत गर्ने।
६. पूर्वाधार विशेष कार्यक्रम मुगु अन्तर्गत भुक्तानी बाँकी रकम व्यवस्थापन गर्ने।
७. स्वास्थ्यकर्मीहरुलाई कोभिड १९ को जोखिम भत्ता उपलब्ध गराउने गर्ने।
८. प्रदेशका बिभिन्न जिल्लाहरुमा प्राकृतिक बिपद्का घटनाबाट पूर्ण रुपमा क्षति भएका घर परिवारको बिवरण सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुमार्फत संकलन गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रमाणित वा एकिन गरी पठाएको बिवरण तथा अन्य प्रकृयाका आधारमा सम्बन्धित स्थानीय तह/स्थानीय तह बिपद् ब्यवस्थापन समितिले हाललाई प्रति घर परिवार रु. पचास हजारका दरले रकम बितरण गर्ने/उपलब्ध गराउने र सोको लागि आवश्यक पर्ने रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले सम्बन्धित स्थानीय तहमा सशर्त रुपमा निकाशा पठाउने।

द्रष्टब्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रायलयबाटै प्राप्त गर्न सकिनेछ।